फोन नं. :- ०५७-५२०४९५
फ्याक्स नं. :- ०५७-५२३८२२
ईमेल :-daomakawanpur@moha.gov.np
फेसबुक पेज :-www.facebook.com/daomakawanpur
वेबसाइट :-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्या : स्था.प्र. २०८३/०८४
चलानी नं

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

**मिति:-२०८३-०४-२१**

## एल.पी. ग्याँस अभाव व्यवस्थापन गर्ने सम्बन्धमा जारी गरिएको सार्वजनिक सूचना

हाल जिल्लाभित्र एल.पी. ग्यासको आपूर्तिमा असहज अवस्था सिर्जना भई सर्वसाधारण उपभोक्ताले आवश्यक परिमाणमा खाना पकाउने ग्यास प्राप्त गर्न कठिनाइ भइरहेको तथा केही व्यक्तिहरूले आवश्यकता भन्दा बढी एल.पी. ग्यास सिलिण्डर सञ्चय (स्टक) गरेको, कृत्रिम अभाव सिर्जना भएको र दर्ताविहीन रूपमा ग्यासको खरिद–बिक्री भइरहेको भन्ने गुनासो प्राप्त भएको सम्बन्धमा मिति **२०८३/०४/२१** गते सरोकारवाला निकायहरूको बैठक बसी देहायबमोजिम निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**बैठकबाट भएका निर्णयहरू:**

१. आम उपभोक्ताले घरायसी आवश्यकताभन्दा बढी एल.पी. ग्यास सिलिण्डर सञ्चय नगर्ने तथा कसैले आवश्यकता भन्दा बढी ग्यास सञ्चय गरेको वा कृत्रिम अभाव सिर्जना गरेको जानकारी भएमा आजै गठन गरिएको **Task Force** को गुनासो सुन्ने नम्बर **९७४४६३७७७७** मा **WhatsApp** सन्देशमार्फत जानकारी गराउने।

२. सम्बन्धित निकायमा विधिवत् दर्ता नगरी एल.पी. ग्यासको खरिद–बिक्री नगर्ने/नगराउने।

३. मिति **२०८३/०४/२१** गतेदेखि जिल्ला प्रशासन कार्यालय, हेटौंडा उपमहानगरपालिका, मकवानपुर उद्योग वाणिज्य संघ, उपभोक्ता हकहित संरक्षण मञ्च तथा ग्यास डिलर एशोसिएसनका प्रतिनिधिहरू सम्मिलित **Task Force** गठन भई बजार अनुगमन तथा आवश्यक कारबाहीका लागि क्रियाशील भइसकेको छ।

साथै यस सूचनाको बेवास्ता गरी आवश्यकता भन्दा बढी एल.पी. ग्यास सिलिण्डर सञ्चय गरेको, कृत्रिम अभाव सिर्जना गरेको, कालोबजारी गरेको वा दर्ताविहीन रूपमा एल.पी. ग्यासको खरिद–बिक्री, भण्डारण तथा वितरण गरेको पाइएमा प्रचलित कानूनबमोजिम त्यस्ता ग्यास सिलिण्डर जफत गरी सम्बन्धित व्यक्ति वा संस्थामाथि आवश्यक कानुनी कारबाही अगाडि बढाइने व्यहोरा समेत सबैको जानकारीका लागि सूचित गरिन्छ।

२०८३।४।२१

मोहनराज जोशी
स. प्रमुख जिल्ला अधिकारी